गोसाईकुण्ड गाउँपालिका रसुवा

स्थानीय राजपत्र

खण्डः- ०९ संख्याः- ०४ मितिः- २०८३/०४/०१

भाग-२

# सुरक्षित आप्रवासन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०८३

**प्रस्तावनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ "थ" मा भएको व्यवस्था वमोजिम स्थानीय सरकारलाई प्राप्त जिम्मेवारी पुरा गर्न एवम् सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सेवालाई गुणस्तरीय तथा व्यवस्थित रुपमा प्रवाह गर्न वाञ्छनीय भएकोले गोसाईकुण्ड गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम गोसाईकुण्ड गाउँपालिकाको सभाले **"सुरक्षित आप्रवासन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०८३"** स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः (१)** यो कार्यविधिको नाम "सुरक्षित आप्रवासन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०८३" रहेको छ ।

(२) यो कार्यविधि गाउँ सभाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा तथा व्याख्याः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "आप्रवासी स्रोत केन्द्र" भन्नाले वैदेशिक रोजगार सम्बन्धी सूचना तथा परामर्श सेवाका साथै वैदेशिक रोजगार सम्बन्धी अन्य विशिष्टिकृत सेवा प्रदान गर्ने केन्द्रलाई सम्झनु पर्छ ।

ख. "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनु पर्छ ।

ग. "कार्यविधि" भन्नाले सुरक्षित आप्रवासन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३ लाई सम्झनु पर्छ ।

घ. "बोर्डको सचिवालय" भन्नाले वैदेशिक रोजगार बोर्डको सचिवालयलाई सम्झनु पर्छ ।

ङ. "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई सम्झनु पर्छ ।

च. "मोड्युल" भन्नाले वित्तीय साक्षरता, मनोसामाजिक परामर्श सेवा, सीप तालिम, उद्यम विकास लगायतको सेवाहरू प्रवाह गर्नको लागि सम्बन्धित स्थानीय तहले तयार गरी लागु गरेको मोड्युलहरूलाई सम्झनु पर्छ ।

छ. “रोजगार सेवा केन्द्र” भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा १० उपदफा १ बमोजिम स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रलाई सम्झनु पर्छ ।

ज. “विभाग” भन्नाले वैदेशिक रोजगार विभागलाई सम्झनु पर्छ ।

झ. "विशिष्टिकृत सेवा" भन्नाले वैदेशिक रोजगारीसँग जोडिएका विशेष किसिमका सेवाहरू भन्ने सम्झनु पर्दछ।

ञ. “सम्बन्धित निकाय” भन्नाले वैदेशिक रोजगार सम्बन्धी विशेष सेवा प्रवाह गर्ने निकायहरू वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्डको सचिवालय, कन्सुलर सेवा विभाग, गन्तब्य मुलुकमा रहेका नेपाली दुतावास, श्रम, रोजगार तथा यातायात मन्त्रालय (प्रदेश) र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय साथै यस क्षेत्रसँग सम्बन्धित अन्य सरकारी निकायहरूलाई सम्झनु पर्छ ।

ट. “सेवा प्रदायक/विशेषज्ञ” भन्नाले गाउँपालिकाद्वारा सार्वजनिक खरिद प्रक्रिया मार्फत परामर्श सेवा खरिद गरी सीप तालिम, कानुनी सेवा, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श वा उद्यम विकासको क्षेत्रमा सेवा प्रवाहका लागि परिचालन गरेको व्यक्ति/संस्थालाई सम्झनु पर्छ ।

ठ. “स्थानीय तह” भन्नाले गोसाईकुण्ड गाउँपालिकालाई सम्झनु पर्छ ।

ड. “शाखा” भन्नाले यस गाउँपालिकाको संगठनात्मक संरचना अन्तरगत रहेको श्रम तथा रोजगार विषय हेर्ने जिम्मेवारी भएको शाखालाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## योजना तर्जुमा, तथा कार्यक्रम सञ्चालनका क्षेत्रहरू

**३. वैदेशिक रोजगार सम्बन्धी तथ्याङ्क सङ्कलन तथा व्यवस्थापनः** (१) यस गाउँपालिकाको रोजगार सेवा केन्द्र मार्फत तपसिल अनुसारको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन गरिनेछ ।

क. गाउँपालिकाको भौगोलिक क्षेत्रभित्रको वैदेशिक रोजगारसँग सम्बन्धित समग्र तथ्याङ्क सङ्कलन गरी पार्श्वचित्र तयार गर्ने ।

ख. गाउँपालिकाको तथ्याङ्क सङ्कलन गर्दा वैदेशिक रोजगारमा रहेका व्यक्ती र तिनका परिवारको विवरण सङ्कलन गरिनेछ, जसमा रोजगारीको लागि गएको देश, गएको वर्ष, गएको पटक, सीप तालिम लिए/नलिएको, कुन माध्यमबाट गएको, विदेशमा नेपालबाट जाँदा गरेको संझौता अनुसारको सेवा तथा सुबिधा पाए, नपाएको, स्वदेश तथा विदेशको विमा तथा सामाजिक सुरक्षा सम्बन्धी जानकारी भए नभएको, रेमिट्यान्स घरमा पठाउने माध्यम, मूलत रेमिट्यान्सको खर्च के, के, हुने गरेको, वैदेशिक रोजगारी सम्बन्धी सूचना लिने पहिलो माध्यम, वैदेशिक रोजगारको सवालमा कुनै समस्या भोग्नु परेको लगायतका र पालिकाकले आवश्यक ठानेका सम्बन्धित विषयहरू ।

ग. वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरूको संख्या, उनीहरूले आर्जन गरेको सीप, दक्षता तथा पुँजी र उनीहरूद्वारा सञ्चालित उद्यम तथा व्यवसाय लगायतको विवरणहरू सङ्कलन गरिनेछ।

घ. गाउँपालिकाले सङ्कलन गरेको तथ्याङ्क तथा वस्तुगत विवरणको आधारमा यस क्षेत्रको प्रभावकारी व्यवस्थापनको लागि वार्षिक तथा आवधिक योजना तर्जुमा गरी कार्यान्वयनको लागि बजेट व्यवस्था गरिनेछ ।

**४. रोजगार सेवा केन्द्र मार्फत सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सेवा सञ्चालनः** (१) रोजगार सेवा केन्द्र मार्फत सुरक्षित वैदेशिक रोजगार सम्बन्धी तपसिल बमोजिमको सेवाहरू प्रवाह गरिनेछ ।

क. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र शोषणरहित बनाउन वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना तथा परामर्श सेवा प्रदान गरिनेछ ।

ख. टोल तथा समुदाय तहमा वैदेशिक रोजगार सम्बन्धी सचेतनामुलक अभिमुखीकरण तथा छलफल सञ्चालन गरिनेछ ।

ग. वैदेशिक रोजगार वोर्डले प्रदान गर्ने कल्याणकारी कार्य अन्तर्गत आर्थिक सहायता, छात्रवृत्ति, औषधोपचार लगायतयका सेवाहरू प्रदान गर्न आवश्यक कागजात निर्माणमा सहयोग गरी सोही बमोजिम सहजीकरण गरिनेछ।

घ. वैदेशिक रोजगारको शिलशिलामा समस्यामा परेका कामदारहरूको खोजी, उद्दार तथा क्षतिपूर्ति प्राप्तिमा सहजीकरणका लागि कन्सुलर सेवा विभाग लगायतका निकायहरूसँग समन्वय तथा सहजीकरण गरिनेछ ।

ङ. वैदेशिक रोजगारको सिलसिलामा नेपाल भित्र वा गन्तव्य मुलुकमा समस्यामा परेका आप्रवासी कामदार तथा तिनका परिवारहरूलाई न्यायमा पहुँच, क्षतिपूर्ति, आर्थिक सहायता/राहत र उद्दारका लागि सम्बन्धित निकायहरूसँग समन्वय तथा सहकार्यमा आवश्यक सहजिकरण गरिनेछ ।

च. सुरक्षित वैदेशिक रोजगार सम्बन्धी परामर्श तथा ठगीमा परेका समस्याहरूलाई कानूनी सेवाको लागि आप्रवासी स्रोत केन्द्र, जिल्ला प्रशासन कार्यालय र वैदेशिक रोजगार बिभागसँग समन्वय तथा सहकार्य गरिनेछ ।

छ. वडा तथा नाकाहरूमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी होर्डिङ बोर्ड राख्नुका साथै जानकारीमुलक सूचना सामाग्रीको सृजना गरी वितरण गरिनेछ ।

ज. सुरक्षित वैदेशिक रोजगार सम्बन्धी जानकारीमुलक सूचना प्रचार प्रसारको लागि स्थानीय संचार माध्यमको परिचालन गरिनेछ ।

**५. समुदाय तथा घरधुरीस्तरमा सूचना तथा जानकारी प्रदानः** (१) समुदाय तथा घरधुरी स्तरमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना तथा जानकारी, न्यायमा पहुँच, सीप तालिम, मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षारता सेवा, समुदाय सचेतना, पुनः एकिकरण लगायतका सेवा प्रदान गरिनेछ ।

**६. समुदायस्तरमा सचेतनामुलक कार्यक्रमः** (१) समुदायस्तरमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सचेतना विस्तारका लागि तपसिल बमोजिमका क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

क. वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्नका लागि समुदायस्तरमा गठन भई क्रियाशिल रहेका सामुदायिक समूह, वैदेशिक रोजगारमा जानका लागि प्रक्रियामा रहेका सम्भावित आप्रवासी कामदारहरूलाई सचेतनामूलक कार्यक्रममा समेटिने छ ।

ख. सचेतनामूलक कार्यक्रममा वैदेशिक रोजगारको प्रक्रियामा हुन सक्ने सम्भावित जोखिम र सुरक्षाका उपायहरू लगायतका विषयहरू समेटेर कार्यक्रम सञ्चालन गरिनेछ ।

ग. समुदाय अभिमुखिकरण कार्यक्रम सञ्चालनका लागि यस गाउँपालिकाले मोडयुल तयार गरी लागु गर्नेछ।

घ. गाउँपालिकाद्वारा समुदायस्तरमा अभिमुखीकरणको अलावा वडा कार्यालयद्वारा आवश्यकता अनुसारका सचेतनामुलक कार्यक्रमहरू (गीत, भिडीयो, सडक नाटक, होर्डिंग बोर्ड र रेडियो कार्यक्रम आदि) निर्माण गरी समुदाय स्तरमा प्रचार प्रसार गरिनेछ ।

७. **सीप तालिम सञ्चालन तथा सहजिकरणः** (१) वैदेशिक रोजगारमा जान चाहने सम्भावित व्यक्तिहरूलाई सम्बन्धित निकायहरूसँगको समन्वय तथा सहकार्यमा सीप तालिम प्राप्त गर्न सहजिकरण गरिनेछ ।

क. वैदेशिक रोजगारमा जान चाहने सम्भावित कामदारहरूको लागि वैदेशिक रोजगार वोर्डको सचिवालय, राष्ट्रिय व्यवसायिक प्रशिक्षण प्रतिष्ठान (NAVT), प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT), प्रदेश सरकारद्वारा मान्यता प्राप्त तालिम प्रदायक संस्थाहरूसँगको समन्वय र सहकार्यमा सीप तालिम सञ्चालन तथा व्यवस्थापन गरीनेछ ।

ख. सीप विकास तालिम सञ्चालन गर्दा गन्तव्य मुलुकको आवश्यकता तथा मापदण्ड अनुरुप तयार भएका पाठ्यक्रम को प्रयोग गरिनेछ । यसको अलावा आबश्यकता अनुसार गाउँपालिकाले नेपाल सरकारको प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिम परिषद् (CTEVT), राष्ट्रिय व्यवसायिक प्रशिक्षण प्रतिष्ठान (NAVT), वैदेशिक रोजगार बोर्डको सचिवालय, प्रदेशको सीप तालिम हेर्ने निकाय र तालिम प्रदायक संस्थाहरूसँगको समन्वय र सहकार्यमा पाठ्यक्रम निर्माण गरी तालीम कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

८. **वैदेशिक रोजगारी समस्यामा परेका कामदारको लागि न्यायमा सहजीकरणः** (१) वैदेशिक रोजगारको क्रममा ठगी, अलपत्र लगायतका समस्यामा परेका कामदार तथा तिनको परिवारलाई न्याय प्राप्तिमा सहयोग गर्नको लागि निम्न कार्यहरू गरिनेछ।

क. वैदेशिक रोजगारको क्रममा हुने ठगीका समस्याहरूलाई सहजीकरणको लागि आप्रवासी स्रोत केन्द्र, जिल्ला प्रशासन कार्यालय तथा वैदेशिक रोजगार विभागमा पठाइनेछ ।

ख. गन्तव्यमुलुकमा बेपत्ता, अलपत्र परेका कामदारको खोजी तथा उद्दार साथै क्षतिपूर्तिको लागि कन्सुलर सेवा विभाग, वैदेशिक रोजगार वोर्डको सचिवालय तथा सम्बन्धित देशमा रहेको नेपाली दुतावासहरूसँग समन्वय तथा सहकार्य गरिनेछ ।

ग. वैदेशिक रोजगारको क्रममा मृत्यु तथा अंगभंग भएका व्यक्ति तथा परिवारलाई प्रदान गरिने आर्थिक सहायता लगायतका सेवाहरू प्राप्त गर्नको लागि वैदेशिक रोजगार वोर्डसँग समन्वय तथा सहकार्य गरिनेछ ।

घ. समस्याको प्रकृति अनुसार जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार न्यायाधिकरण, श्रम कन्सुलर, गन्तब्य मुलुक स्थित नेपाली दुतावास र यस क्षेत्रमा क्रियाशील संघ, संस्था लगायतका निकायहरूसँग समन्वय तथा सहकार्यमा जोड दिइनेछ ।

९. **सीपको पहिचान, उपयोग तथा उद्यमशिलता विकास कार्यक्रमः** (१) वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरू तथा विप्रेषण प्राप्त गर्ने घर परिवारका सदस्यहरूलाई लक्षित गरी स्थानीयस्तरको सम्भाव्यता र सरोकारवाला व्यक्तिहरूको दक्षताको आधारमा योजना तर्जुमा गरी उद्यम विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

क. वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरू तथा विप्रेषण प्राप्त गर्ने घर परिवारका सदस्यहरूलाई लक्षित गरी स्थानीयस्तरको सम्भाव्यता र सरोकारवाला व्यक्तिहरूको दक्षताको आधारमा योजना तर्जुमा गरी उद्यम विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

ख. स्थानीय तहमा युवा लक्षित कार्यक्रम सञ्चालनका लागि उद्यम विकास कोष स्थापना गरिनेछ ।

ग. कार्यक्रम निर्माण तथा सञ्चालन गर्दा लक्षित वर्गको लागत सहभागिता तथा उत्पादनमा आधारित अनुदानको व्यवस्थालाई जोड दिइनेछ र यसका लागि आवश्यक मापदण्ड तयार गरिनेछ ।

घ. विदेशबाट फर्केर आएका व्यक्तिहरूसँग भएको सीप तथा दक्षता सम्बन्धी विवरणको सूची तयार गरीनेछ ।

ङ. गाउँपालिका भित्र रहेका बैक, तथा वित्तीय सँस्थाहरू, उद्योग धन्दा तथा कलकारखानाहरूसँग समन्वय र सहकार्यमा सीप विकास सँग सम्बन्धित तालिम तथा कार्यक्रम संचालनको लागि पहल गरिनेछ ।

च. वैदेशिक रोजगारको क्रममा सीप हासिल गरेका तर प्रमाण पत्र नभएका व्यक्तिहरूलाई लक्षित गरी सीप परीक्षण गर्न आवश्यक सहयोग तथा सहजिकरण गरिनेछ । सीप परीक्षणको लागि नेपाल सरकारको सम्बन्धित निकायहरू र अन्य विकास साझेदारहरूसँग पनि आवश्यक समन्वय र सहकार्य गर्न सकिनेछ ।

**१०. मनोसामाजिक परामर्श सेवाः** (१) वैदेशिक रोजगारमा गएका व्यक्ति, परिवार तथा स्थानीयवासीहरूमा उत्पन्न मानसिक समस्यालाई सम्बोधन गर्नका लागि मनोसामाजिक परामर्श सेवा सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको सेवा मार्फत घरेलु हिंसा, प्रकोप तथा महामारी लगायतका विविध कारणले उत्पन्न मनोसामाजिक समस्याहरू, वैदेशिक रोजगारका कारण तथा अन्य कारणबाट उत्पन्न मनोसामाजिक समस्याहरूलाई रोकथाम एवम् न्यूनीकरण गर्न समुदाय तथा समूह तहमा मनोसामाजिक परामर्शका निम्न सेवाहरू प्रदान गरिनेछ ।

क. मनोसामाजिक सेवा प्रवाहका लागि मनोसामाजिक परामर्शकर्ता नियुक्ति गरी स्वास्थ्य शाखा मार्फत परिचालन गरिनेछ ।

ख. मनोसामाजिक समस्यामा परिसकेका व्यक्ति तथा परिवारलाई घर भेटघाट मार्फत आवश्यकता बमोजिम व्यक्तिगत तथा पारिवारिक मनोसामाजिक परामर्श सेवा प्रदान गरिनेछ ।

ग. मनोसामाजिक परामर्शका लागि यस गाउँपालिका भित्र रहेका मानसिक स्वास्थ्यको क्षेत्रमा दक्षता हासिल गरेका व्यक्ति वा सँस्थाहरूको सूची तयार गरी आवश्यकता अनुसार परिचालन गर्न सकिनेछ।

घ. गम्भीर मनोसामाजिक समस्या भएका र आर्थिक हिसाबले कमजोर भएका व्यक्तिहरूलाई आवश्यक उपचार र सहयोगको लागि मनोसामाजिक सहयोग कोष स्थापनागरी आवश्यकता अनुसारको सहयोग उपलब्ध गराउन सकिनेछ ।

ङ. विद्यालय तथा समुदाय तहमा मानसिक स्वास्थ्य सेवा तथा मनोसामाजिक परामर्श सेवा सम्बन्धि सचेतना अभिवृद्धि गर्नुका साथै आवश्यकतामा आधारित मनोसामाजिक परामर्श सेवा प्रदान गरिनेछ।

**११. सुरक्षित बैदेशिक रोजगारी र पुनः एकिकरणको लागि विभिन्न संघ/सँस्था सँग सहकार्य तथा सहयोगः**

(१) वैदेशिक रोजगारको क्रममा श्रमिकले विदेशमा रहदा आर्जन गरेको ज्ञान, सीप, पूँजी र प्रबिधीलाई स्थानीय स्तरमा परिचालन गरी व्यवसाय स्थापनाको माध्यमबाट रोजगारी सिर्जना गर्नको लागि रिटर्नीहरूलाई लक्षित गरी रिटर्नीहरूको सञ्जाल/समाज स्थापना गर्न सहयोग गर्न सकिनेछ ।

(२) वैदेशिक रोजगारीका विविध सवालबारे समाजमा जानकारी गराउने कार्यको लागि रिटर्नीहरूको सँस्था मार्फत सचेतनामूलक कार्यक्रमहरू संचालन गर्न सकिनेछ ।

## परिच्छेद ३

## सम्बन्धित विषयगत शाखा निर्धारण तथा निर्देशक समिति

**१२. विषयगत शाखा निर्धारणः** (१) सुरक्षित वैदैशिक रोजगार सम्बन्धी सेवा प्रवाहको लागि यस गोसाईकुण्ड गाउँपालिकाले सामाजिक विकास शाखा/आर्थिक विकास शाखा मातहत रहने गरी रोजगार सेवा केन्द्रलाई जिम्मेवारी प्रदान गर्नेछ । उक्त शाखाले अन्य शाखा/उप-शाखाहरूसँग समन्वय गरी कार्यक्रम तर्जुमा, बजेट विनियोजन, कार्यक्रम कार्यान्वयन, अनुगमन र समीक्षा लगायतको कार्यहरू गर्नेछ ।

(२) मनोसामाजिक परामर्श सेवा स्वास्थ्य शाखा मातहत सञ्चालन हुनेछ ।

**१३. सुरक्षित आप्रवासन कार्यक्रम निर्देशक समितिः** (१) सुरक्षित वैदेशिक रोजगारसँग सम्बन्धित विषयमा निर्देशन गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछ ।

| | |
|---|---|
| प्रमुख/अध्यक्षः | - अध्यक्ष |
| उपप्रमुख/उपाध्यक्ष | - सदस्य |
| संयोजक सामाजिक विकास समिति | - सदस्य |
| संयोजक आर्थिक विकास समिति | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| प्रमुख, स्वास्थ्य शाखा | - सदस्य |
| प्रमुख, शिक्षा शाखा | - सदस्य |
| प्रमुख, योजना शाखा | - सदस्य |
| प्रमुख, आर्थिक प्रशासन शाखा | - सदस्य |
| रोजगार संयोजक, रोजगार सेवा केन्द्र | - सदस्य |

प्रमुख/अध्यक्षबाट मनोनित रिटर्नी नेटवर्क/समाजको प्रतिनिधी

( १ महिला समेत २ जना) - सदस्य

सदस्य सचिव - श्रम तथा रोजगार महा/शाखा प्रमुख

आमन्त्रित सदस्यहरुः - प्रमुख उद्योग शाखा,

- प्रमुख सहकारी शाखा
- प्रतिनिधी, सामी कार्यक्रम सहयोग इकाई
- जिल्ला कार्यक्रम संयोजक, सामी कार्यक्रम

(२) रिटर्नी नेटवर्क/समाजको प्रतिनिधीको पदावधी मनोनित भएको मितिले २ वर्षको हुनेछ ।

(३) निर्देशक समितिले आवश्यक ठानेमा विषय विज्ञ तथा विषयसँग जानकार व्यक्तीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**१४. निर्देशक समितिको काम, कर्तव्य र जिम्मेवारीः** (१) निर्देशक समितिको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः-

क. निर्देशक समितिको बैठक कम्तिमा वर्षमा एक पटक र आवश्यकता अनुसार बस्न सक्नेछ ।

ख. वैदेशिक रोजगारसँग सम्बन्धित (विदेश जाने व्यक्ति, तिनका परिवार र फर्किएर आएका व्यक्तिहरूलाई लक्षित गरी) योजना तर्जुमा, बजेट व्यवस्थापन र कार्यान्वयनका लागि सम्बन्धित शाखालाई आवश्यक निर्देशन दिने,

ग. स्थानीय तहहरू, प्रदेश सरकार, संघीय सरकार अन्तरगतका मन्त्रालय, विभाग र वोर्ड, सम्बन्धित साझेदार संस्था, विकास नियोग, तालिम प्रदायक संस्था तथा सरोकारवालाहरूसँग आवश्यक समन्वय र सहकार्य गर्न मार्ग निर्देश गर्ने,

घ. सूचना तथा परामर्श सेवा प्रवाह, मनोसामाजिक परामर्श सेवा, सीप तालिम तथा समुदाय स्तरमा सचेतनामुलक क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक मोड्युल तयारीको लागि पृष्ठपोषण तथा सुझाव प्रदान गर्ने,

ङ. रोजगारीको लागि आवश्यक सीप तालिमको ब्यवस्था गर्न, सीपयुक्त र ठगी मुक्त समुदाय घोषणा गर्न आवश्यक दिशानिर्देश गर्ने,

च. अन्य विषयगत शाखा/समितिहरूसँग वैदेशिक रोजगारसँग सम्बन्धित योजना निर्माण तथा कार्यान्वयनको लागि आवश्यक समन्वय तथा छलफल गर्ने,

छ. आवधिक रुपमा बैठक बसी संचालित कार्यक्रमहरूको प्रगति समीक्षा गरी थप प्रभावकारीता अभिबृद्धिका लागि आवश्यक सल्लाह सुझाव तथा मार्गनिर्देश गर्ने,

## परिच्छेद-४

## स्रोत तथा जनशक्ति व्यस्थापन

**१५. स्रोत व्यवस्थापनः** संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, राजस्व बाँडफाँड र स्थानीय तहको आन्तरिक स्रोतबाट कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेटको सुनिश्चितता गरिनेछ । यसको साथै अन्य स्थानीय तहहरू, साझेदार संस्था/नियोग तथा दातृ निकाय, प्रदेश सरकार र संघीय सरकारसँगको बजेट साझेदारीमा प्राप्त बजेटहरूलाई एकिकृत गरी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरिने छ ।

**१६. जनशक्ति व्यवस्थापनः** (१) सुरक्षित बैदेशिक रोजगारी, पुनःएकिकरण तथा सचेतनामूलक सेवाहरू प्रवाह गर्न मनोसामाजिक परामर्शकर्ता (सहायक स्तर पाचौं) तथा रिटर्नी स्वयंसेवक करार सेवामा नियुक्त गरी परिचालन गरिनेछ । मनोसामाजिक परामर्शकर्ता तथा रिटर्नी स्वयंसेवकको कार्य विवरण अनुसूची १ मा उल्लेख गरीएको छ ।

| पद | तह | योग्यता तथा अनुभव |
|---|---|---|
| मनोसामाजिक परामर्शकर्ता | सहायक स्तर पाँचौ | • मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ/ मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतिर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।<br>• मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रबाट प्रमाणपत्र लिएकोलाई बिशेष प्राथमिकता दिईने छ ।<br>• कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान तथा अनुभव (Word , Excel, Power Point, Email, Internet आदि चलाउन सक्ने) र नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने |
| रिटर्नी स्वंसेवक | श्रेणी विहीन | • कम्तीमा न्यूनतम् कक्षा ८ उतिर्ण गरी वैदेशिक रोजगारी (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको ।<br>• सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । |

**(२) मनोसामाजिक परामर्शकर्ता तथा रिटर्नी स्वयंसेवकको सेवा तथा सुबिधाः** मनोसामाजिक परामर्शकर्ताको मासिक तलव नेपाल सरकारले तोकेको सहायक स्तर पाचौं तह सरहको र रिटर्नि स्वयंसेवक मासिक निर्वाह भत्ता नेपाल सरकारले तोकेको न्यूनतम मासिक पारिश्रमिक भन्दा कम नहुने गरी उपलब्ध गराईनेछ । तलवको अलावा पालिकाका समान तहका अन्य कर्मचारीले पाए सरहको तलव तथा सुबिधा दिन सकिनेछ।

## परिच्छेद -५
## विविध

**१७. समन्वय तथा सहकार्य :** (१) वैदेशिक रोजगारीको क्षेत्र वहुसरोकारको विषय भएकोले अन्य स्थानीय तहहरू, प्रदेश सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बिभाग, वैदेशिक रोजगार बोर्डको सचिवालय तथा दातृ निकाय र विकास साझेदारहरूको सहकार्यमा सुरक्षित आप्रवासन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ । स्थानीय तहले सञ्चालन गरेका सेवाहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, विषयगत विशेषज्ञ संस्थाहरू, आप्रवासनको क्षेत्रमा काम गर्ने संघ, संस्थाहरू, नागरिक समाज तथा अन्य सम्बन्धित निकायहरूसँगको समन्वय तथा सहकार्यलाई जोड दिदै सेवा प्रवाहलाई प्रभाकारी बनाईनेछ ।

**१८. प्रचलित कानून बमोजिम हुनेः** (१) यस कार्यबिधीमा उल्लेख भएका विषयमा यसै कार्यबिधि बमोजिम हुनेछ ।

(२) यस कार्यबिधिको व्यवस्था अन्य नेपाल कानूनसँग बाझिएमा त्यस्तो बाझिएको हद सम्म प्रचलित नेपाल कानूनमा भएको व्यवस्था लागु हुनेछ ।

**(१९) बाधा अड्काउ पुकाउन सक्नेः** यस कार्यबिधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

**(२०) संशोधन तथा खारेजीः** यस कार्यबिधिको संशोधन तथा खारेजी गर्ने अधिकार कार्यपालिकामा निहित रहनेछ ।

**अनुसूची १: दफा १६ (१) सँग सम्बन्धित**

**मनोसामाजिक परामर्शकर्ता कार्य विवरण**

| | |
|---|---|
| **पद** | मनोसामाजिक परामर्शकर्ता |
| **कार्यक्षेत्र** | गोसाईकुण्ड गाउँपालिका |
| **सुपरिवेक्षक** | स्वास्थ्य शाखा प्रमुख |
| **प्रतिवेदन पेश गर्नुपर्ने** | स्वास्थ्य शाखा प्रमुख, मनोविद्, प्रदेश स्वास्थ्य निर्देशनालय |

**पद तथा जिम्मेवारीको उद्देश्य**

वैदेशिक रोजगारीको क्षेत्रलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने उद्देश्यले संघ, प्रदेश र स्थानीय सरकारको सहकार्यमा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालनमा रहेको छ । कार्यक्रम अन्तर्गत सूचना तथा परामर्श, कानूनी सहयोग, मनोसामाजिक परामर्श, वित्तीय साक्षरता र सीप विकास लगायतका मुख्य सेवाहरू रहेका छन् ।

विशेष गरी रोजगारीका लागि वैदेशिक रोजगारीमा गएका व्यक्तिहरू र तिनका परिवारका सदस्यहरूले विभिन्न मनोसामाजिक समस्याहरू भोगिरहेका हुन्छन् । वैदेशिक रोजगारीका कारण सृजना भएका मनोसामाजिक समस्याहरूलाई समाधान वा न्यूनिकरण गर्न सक्षम बनाउन आप्रवासी एवम् तिनका परिवारलाई र तथा

सेवाको आवश्यकता भएका अन्य व्यक्तिहरूलाई गुणस्तरीय मनोसामाजिक परामर्श सेवा प्रदान गर्न मनोसामाजिक परामर्शकर्ता जिम्मेबार हुनेछ । पालिकाको स्वास्थ्य शाखाको प्रमुखको मातहतमा रहि रोजगार संयोजक, मनोविद् (प्रदेश स्वास्थ्य निर्देशनालय) को निकट समन्वय, सहकार्य तथा प्रत्यक्ष सम्पर्कमा रहि देहाय अनुसारको जिम्मेवारी बहन गर्नुपर्नेछ :

**कार्य विवरण देहाय बमोजिम हुनेछ**

- समुदायमा मनोसामाजिक समस्या भएका व्यक्तिहरू र वैदेशिक रोजगारीका कारण मनोसामाजिक समस्या भएका घर परिवारको पहिचान गर्ने । पहिचान गरिएका मनोसामाजिक समस्या भएका व्यक्ति तथा परिवारलाई घरभेट मार्फत मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने ।
- वैदेशिक रोजगारमा गएका व्यक्तिहरूका परिवारका सदस्यहरूमा देखापर्न सक्ने मनोसामाजिक समस्याहरूको वारेमा जनचेतना अभिबृद्धि गर्दै यस्तो समस्या आउन नदिन आवश्यक प्रबर्द्धनात्मक उपायहरूको वारेमा परिवार तथा समुदायस्तरमा समूह छलफल गर्ने । यसका लागि आप्रवासन सम्बन्धमा सचेतना गराउने, रिटर्नी स्वयंसेवक तथा अन्य कर्मचारीसँग आवश्यक समन्वय तथा सहयोगमा काम गर्ने ।
- वित्तीय साक्षरता कार्यक्रम संचालन भएका स्थानीय तहको हकमा स्थानीय तहमा रहेका वित्तीय साक्षरता कार्यक्रमको सहजकर्तासँग समन्वय गरी वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कार्यक्रमको निर्देशिकामा उल्लेख गरे बमोजिमको समूह मनोपरामर्श सत्र सञ्चालन गर्ने ।
- आवश्कता अनुसार स्थानीय तहमा रहेका विद्यालय तथा विभिन्न समूहहरूमा गई सामुहिक रुपमा मनोपरामर्श सम्वन्धि सत्र सञ्चालन गर्ने ।
- मनोसामाजिक समस्या भएका सेवाग्राहीको पहिचान गरी विस्तृत मनोसामाजिक आयामहरू समेटी अभिलेख तयार गर्ने, समस्याका कारणहरू पहिचान गर्ने, मनोसामाजिक आवश्यकताको पहिचान तथा प्राथमिकीकरण गरेर प्रभावित व्यक्ति वा परिवारहरूलाई उनीहरूको मनोभावनामा आएको उतार चढावमा स्थायित्व प्रदान गर्न आवश्यक मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने । मनोसामाजिक परामर्श सेवा प्रवाह गर्दा आवश्यकता अनुसार मनोविद् /मनोसामाजिक सुपरभाईजर र स्थानीय तहसँग समन्वय गर्ने ।
- सवै केशहरू समयमै अनिवार्य रुपमा SaMi MIS मा प्रविष्टि तथा नियमित रुपमा अद्यावधिक गर्ने । स्थानीय तह तथा सम्बन्धित निकायलाई कार्यक्रमको प्रगति, समिक्षा तथा जानकारी आवश्यकता अनुसार उपलब्ध गराउने ।
- स्वास्थ्य शाखासँगको सहकार्यमा मासिक प्रतिवेदन HMIS र DHIS-2 मा प्रविष्ट गर्न सम्बन्धित निकायमा समन्वय र सहकार्य गर्ने ।
- मनोसामाजिक परामर्शको सेवाको विवरण तथा प्रतिवेदन तोकिएको ढाँचामा स्वास्थ्य शाखा प्रमुख/ जिल्ला कार्यक्रम संयोजक (सामी), मनोविद् /मनोसामाजिक सुपरभाईजर, सामी कार्यक्रम अधिकृत र सम्बन्धित पक्षलाई पेश गर्ने ।

- वैदेशिक रोजगारी सम्बन्धि समस्याका वारेमा जिल्ला कार्यक्रम संयोजक (सामी), आप्रवासी श्रोत केन्द्र/आप्रवासी श्रोत उप-केन्द्र सँग आवश्यक कानूनी सहयोग वा सेवाका लागि समन्वय गर्ने (जस्तै विदेशमा मृत्यु भएको अवस्थामा शव ल्याउन, आर्थिक सहायता, क्षतिपूर्ति, उद्दार, वीमा सहयोग, विदेशमा अप्ठ्यारो अवस्थामा भएका परिवारका सदस्यलाई स्वदेश ल्याउने आदि) ।
- लक्षित वर्गका गम्भिर मनोसामाजिक समस्यामा परेका सेवाग्राहीहरूलाई (विशेष गरी बालबालिका तथा महिलाहरूलाई) थप मनोसामाजिक परामर्श तथा मानसिक स्वास्थ्य सेवाका लागि स्वास्थ्य शाखा प्रमुख र जिल्ला कार्यक्रम संयोजकसँगको समन्वयमा मनोविद/मनोसामाजिक सुपरभाईजरसँग सल्लाह गरी सहयोगका लागि स्थानीय तह र सरोकारवाला संघ संस्थासँग समन्वय गराउने ।
- प्रदेश स्वास्थ्य मन्त्रालय/निर्देशनालय/निकायले सञ्चालन गर्ने मनोसामाजिक परामर्श सम्बन्धि तालिम तथा कार्यक्रममा सहभागी हुने ।
- प्रदेश स्वास्थ्य मन्त्रालय, निर्देशनालय अन्तर्गतका मनोविद् /मनोसामाजिक सुपरभाईजरद्वारा स्थानीय तहमा गएर गरिने सुपरिवेक्षण र दुर सुपरिवेक्षको कार्यक्रममा अनिवार्य तथा सक्रिय सहभागी हुने ।
- समुदाय स्तरमा रहेको मानसिक स्वास्थ्यसँग सम्बन्धित गलत धारणा हटाउनको लागि समुदाय स्तरमा मानसिक स्वास्थ्य सम्बन्धि जनचेतना मुलक कार्यक्रमहरू संचालन गर्ने ।
- सुरक्षित आप्रवासन कार्यक्रम र अन्य कर्मचारी टिमसँग मिलेर काम गर्ने, सवैसँग मिलेर सहयोगी व्यवहार प्रदर्शन गर्ने र आफ्नो काममा प्रतिबद्ध हुने ।
- स्थानीय तहको आधारभूत अस्पताल वा आधारभूत स्वास्थ्य सेवा केन्द्रमा आवश्यक सम्पर्क र समन्वय गर्ने ।
- स्थानीय तहको स्वास्थ्य शाखासँग नियमित समन्वय तथा सहकार्यमा कार्य गर्नुको साथै अन्य सम्बन्धित सरोकारवालाहरूसँग समन्वय तथा सम्वन्ध विस्तार गर्ने साथै स्थानीय स्तरमा मनोसामाजिक सेवा प्रदान गर्ने साझेदार संस्थासँग आवश्यक सम्पर्क र समन्वय गर्ने ।
- लैङ्गिक हिंसा पीडितलाई अस्पतालमा आधारीत एकद्वार संकट व्यवस्थापन केन्द्रसँग आवश्यक समन्वय तथा प्रेषण गरी सेवा प्रवाह भएको सुनिश्चत गर्ने ।
- मनोसामाजिक परामर्शकर्ताहरूले सेवा प्रदान गर्दा नैतिक मूल्यको व्यवहारिक प्रयोगलाई ध्यानमा राखि तटस्थता कायम गर्दै मनोसामाजिक परामर्शको मूल्य र मान्यता अनुसार तथा सुपरभाईजरको निर्देशनमा काम गर्ने । नेपाल सरकारसंग सम्बन्धित ऐन, नियम तथा कार्यविधिमा भएको व्यबस्थाको पूर्ण पालना गर्ने ।
- मनोसामाजिक परामर्शकर्ताले मनोसामाजिक परामर्श सेवा दिएका सेवाग्राहीहरूको सम्पूर्ण जानकारीहरूको गोपनियता कायम गर्नु अनिवार्य हुनेछ । विशेष गरेर सेवाग्राहीको समस्यामा काम गर्दा सहयोगी हुनसक्ने श्रोतसँग मनोविद् /मनोसामाजिक सुपरभाईजरको सल्लाह लिएर मात्र आवश्यक जानकारी दिनुपर्नेछ । सेवा प्रदान गरिएका सेवाग्राहीहरूको केश फाइलहरू सुरक्षितपूर्वक कार्यालयमा राख्नु पर्नेछ ।

- सेवाग्राहीको व्यक्तिगत तथा सम्वेदनशील जानकारी तथा सुचनाहरू वाहिर दिन वा सुनाउन पूर्णरुपमा बन्देज भएकोले त्यस्ता संवेदनशिल सुचनाहरू सार्वजनिक भएको पाईएमा र त्यसमा मनोसामाजिक परामर्शकर्ताको गल्ति देखिएमा स्थानीय तहले नियमानुसार कारवाही गर्न सक्नेछ ।

**रिटर्नि स्वयंसेवकको कार्य विवरण**

पदःरिटर्नी स्वयंसेवक (Returnee Volunteer)

सुपरभाईजरः रोजगार संयोजक वा पालिकाले तोकेको शाखा प्रमुख

कार्यक्षेत्रःगाउँपालिकाका तोकिएको वडाहरू

प्रतिवेदन पेश गर्नुपर्नेःरोजगार संयोजक वा पालिकाले तोकेको शाखा प्रमुख

**कार्य उद्देश्य**

हाल वैदेशिक रोजगारीको नाममा गाउँगाउँमा बिचौलियाहरूको (एजेन्ट) बाक्लो उपस्थिति रहेको र यिनीहरूले विभिन्न किसिमका प्रलोभन, झुठा आश्वासन, गलत जानकारीहरू टोलटोल, घरघरमा फैलाएर वैदेशिक रोजगारीमा पठाउने नाममा ठग्ने प्रवृति अधिकरुपमा देखिएकोले त्यस्ता किसिमका भ्रमपूर्ण जानकारी तथा सुचनाहरूलाई निस्तेज पार्न तथा सत्य, तथ्य सूचना तथा जानकारीहरू स्थानीय स्तरमै टोलटोल, घरघरमै जानकारी गराई हुनसक्ने सम्भावित ठगि तथा समस्याहरूबाट जोगाउनका लागि स्वयं वैदेशिक रोजगारीमा गएर फर्केका युवाहरूलाई रिटर्नी स्वयंसेवक (Returnee Volunteer) को रुपमा परिचालन गरिनेछ ।

रिटर्नी स्वयंसेवक वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित तथा लाभदायक बनाउन र वैदेशिक रोजगारका लागत न्यूनीकरण गर्न सहि सूचना तथा जानकारी र आप्रवासी स्रोत केन्द्र/उप-केन्द्रको सेवाहरूको बारेमा घरघरमा जानकारी गराई समुदायलाई सचेत गराउन क्रियाशिल रहनेछ । समुदायबाट वैदेशिक रोजगारीमा जाने प्रकृयामा रहेका, वैदेशिक रोजगारीमा रहेका, वैदेशिक रोजगारीबाट फर्किएका र तिनका परिवारका सदस्यहरूलाई सुसूचित गर्ने, आप्रवासी श्रमिक सञ्जालका क्रियाकलापहरू सञ्चालनमा सहयोग तथा आबद्ध गर्ने, ठगि तथा समस्या समाधानका लागि आफ्ना अनुभवको आधारमा प्रयास गर्ने तथा आप्रवासी स्रोत केन्द्र/उप-केन्द्रमा समन्वय तथा सम्पर्क गराउने कार्य प्रति जवाफदेही हुनेछ ।

**क) कार्य जिम्मेवारीः**

रोजगार संयोजक वा पालिकाले तोकेको शाखा प्रमुखको प्रतक्ष्य निगरानीमा रही रिटर्नी स्वयंसेवकले निम्न बमोजिमका कार्यहरू गर्नुपर्नेछः

१. आफ्नो कार्यक्षेत्रमा सुरक्षित वैदेशिक रोजगारीका लागि सत्य तथ्य सूचना तथा जानकारीहरू प्रदान गरि स्वःनिर्णय लिन सहयोग गर्ने र सुचनामुलक सामग्रीहरू वितरण गर्ने ।
२. बैदेशिक रोजगार बिभाग, कन्सुलर सेवा बिभाग, बैदेशिक रोजगार बोर्ड, सामाजिक सुरक्षा कोष लगायतबाट बैदेशिक रोजगारमा जानेलाई प्रदान गरिने सेवा सुबिधाबारे जानकारी लिइ ती सेवा सुबिधा के, कसरी लिने भन्ने बारेका प्रकृयामा सम्बन्धित ब्यक्तिलाई जानकारी तथा सहजिकरण गर्ने,
३. श्रम स्विकृती किन चाहिन्छ भन्नेबारे समुदाय तथा लक्षित वर्गमा जानकारी गराउने र लक्षित वर्गलाई श्रम स्विकृती र पुन श्रम स्विकृतीबारे जानकारी गराउने,

४. वैदेशिक रोजगारसँग सम्वन्धित समस्याहरू जस्तै, ठगी, जालसाँजी, सम्पर्क विहिन, दुर्घटना, स्वास्थ्य समस्या भएका, जेलपरेका, मृत्यु, अपांगता भएका, आर्थिक सहायता वा क्षतिपुर्ती नपाएका आदीको पहिचान र आवश्यक सहयोगका लागि आप्रवासी स्रोत केन्द्र/उप-केन्द्रमा पठाउने ।

५. आफ्नो कार्यक्षेत्रमा संभावित आप्रवासी कामदारहरूको पहिचान गरी आप्रवासी स्रोत केन्द्र/उप-केन्द्रमा परामर्श लिनका लागि पठाउने ।

६. समुदायबाट वैदेशिक रोजगारीमा जाने प्रकृयामा रहेका, वैदेशिक रोजगारीमा रहेका, वैदेशिक रोजगारीबाट फर्किएकाहरूको सूचना राख्ने र तथ्याङ्क सङ्कलन गर्ने,

७. जनप्रतिनीधि, राजनीतिकर्मी, कर्मचारी तथा विभिन्न सरोकारवाला संघ/संस्थाहरूका सामाजिक परिचालकहरू, समिति उपसमितिका पदाधिकारीहरूसँग समन्वय गरि आधारभूत सूचना प्रवाह गर्ने ।

८. स्थानीय सरकार तथा जिम्मेवार सरोकारवाला संस्थाहरूबाट सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी थप क्रियाकलापहरू नियमित रुपमा सञ्चालन गर्न नीति, कार्यविधि, कार्यक्रम र थप बजेटको लागि पहल गर्ने ।

९. स्थानीय तहमा हुने क्रियाकलापहरूमा सञ्चार तथा ब्यवस्थापकीय सहयोग गर्ने ।

१०. आप्रवासी रिटर्नी सञ्जाल, कृषक समूह, सहकारी लगायत सुरक्षित आप्रवासन सँग सम्बन्धित कक्षा सञ्चालनका लागि समूह गठन तथा सञ्चालन गरिने कार्यक्रमहरूमा सहयोग गर्ने ।

११. आप्रवासी स्रोत केन्द्र/उप-केन्द्रका सेवाग्राही/ आगन्तुकहरूको नियमित Follow-up गर्ने ।

१२. संभावित आप्रवासी कामदारहरूलाई सुरक्षित आप्रवासन सम्बन्धी चेतनाजागरण गर्नुका साथै सीप तालिमको लागि जानकारी लिन आप्रवासी स्रोत केन्द्रको सम्पर्कमा पठाउने ।

१३. आफ्नो कार्यक्षेत्र भित्र घरदैलो कार्यक्रम तथा सवाल, मुद्दाहरूको अनुगमन, अनुशरण र फलोअप गर्ने ।

१४. सुरक्षित आप्रवासन सम्वन्धी कार्यक्रमहरूमा आफ्नो अनुभवहरू आदान प्रदान गर्ने ।

१५. आफूले सम्पादन गरेको कामको प्रतिवेदन तोकिएको ढाँचामा पेश गर्ने ।

१६. कार्यक्रमको आवश्यकता अनुसार तथा सुपरभाईजरले तोकेको अन्य कार्यहरू गर्ने ।